Nepali

# Safer Together

थप जानकारीको लागि QR कोड स्क्यान गर्नुहोस् वा **police.qld.gov.au/SaferTogether** मा जानुहोस्

स्थानीय अपराध तथा सुरक्षा जानकारीका बारेमा अद्यावधिक रहनका लागि फेसबुकमा myPolice लाई पछ्याउनुहोस् ।
**police.qld.gov.au/stay-connected**




# प्रसारण च्यानलहरू

**आपतकालिन (ईमरजेन्सी)**
**तीन शून्य (000)**
अहिले अपराधिक गतिबिधि भइरहेको छ

**प्रहरी लिङ्क (Policelink):**
अनलाइन मार्फत अपराध रिपोर्ट गर्नुहोस् वा 131 444 मा फोन गर्नुहोस्
**police.qld.gov.au/reporting**

**क्राइम स्टपर्स (Crime Stoppers)**
अत्यावश्यक नभएका आपराधिक गतिविधि वा शंकास्पद गतिविधिको बेनामी खबर गर्न
1800 333 000
**crimestoppersqld.com.au**

© क्वीन्सल्याण्ड राज्य (क्वीन्सल्याण्ड प्रहरी सेवा) 2024 CC BY 4.0 अन्तर्गत इजाजतपत्र प्राप्त छ । यस कागजातमा सबै क्वीन्सल्याण्ड पुलिस सेवा सामग्री – ट्रेडमार्कद्वारा सुरक्षित गरिएको कुनै पनि सामग्री बाहेक , र अन्यथा उल्लेख नभएसम्म http://creativecommons.org/licenses/by/4.0/legalcode अन्तर्गत इजाजतपत्र प्राप्त छ।



Queensland Government

# Safer Together

## मिलेर काम गरेर हामीले हाम्रो समुदायलाई सुरक्षित र लचिलो बनाउन मद्दत गर्न सक्छौं



## Home & Vehicle Safety

Queensland Government

# Safer Together

जब हामी हाम्रो गस्ती बढाउँछौं, हामी अवसरवादी चोरहरूले कार्य गर्ने तरिका र मानिसहरूले आफ्नो सम्पत्तिको सुरक्षा गर्न मद्दत गर्न सक्ने दैनिक तरिकाहरूको बारेको अन्तरज्ञान पनि साझा गर्दैछौं ।

## यहाँ ६ दैनिक तरिकाहरू छन् जसबाट हामी सबै साथमा सुरक्षित हुन सक्छौं ।

### 1. आफ्नो घर वरिपरि खुला ठाउँ राख्नुहोस् ।


**चोरहरूले लुक्नका निम्ति सजिलो ठाउँ खोज्छन्**



✓ तपाईंको घर वरिपरि लुक्ने ठाउँ प्रदान गर्ने कुनै पनि रूखहरू वा झारहरू ट्रिम गर्नुहोस् र यदि तपाईं सक्नुहुन्छ भने मोशन सेन्सर बत्ती राख्ने विचार गर्नुहोस् ।

### 2. ढोका र झ्यालहरूमा चुकल लगाएको सुनिश्चित गर्नुहोस् ।


**एक तिहाइ घरचोरी चुकल नलगाइको ढोका र झ्यालबाट हुन्छ**



✓ तपाईं घर वा नजिकै हुँदा पनि पनि तिनीहरूलाई सँधै लक गरि राखेर मद्दत गर्न सक्नुहुन्छ ।

### 3. यदि तपाईं सक्नुहुन्छ भने CCTV राख्नुहोस् ।

**अवसरवादी चोरहरू क्यामेरामा कैद हुन मन पराउँदैनन्**



✓ सिसिटिभी लाई प्रमाणको रूपमा प्रयोग गर्न सकिन्छ, त्यसैले सिसिटिभी राख्नेबारे विचार गर्नुहोस्, र सामुदायिक क्यामेरा संगठन (Community Camera Alliance) मा दर्ता गर्नुहोस् ।

### 4. बहुमूल्य वस्तुहरूलाई देखिने ठाउँबाट लुकाउनुहोस् ।


**धेरैजसो चोरहरू अल्छी हुन्छन्**



✓ यदि तिनीहरूले चोरी गर्न सजिला चीजहरू देखेनन् भने, तिनीहरू छोडेर जान्छन्। त्यसैले तपाईंका बहुमूल्य वस्तुहरू र कारका चाबीहरुको सुरक्षा गर्नुहोस् ।

### 5. आफ्नो घरलाई व्यस्त देखाउनुहोस्।


**जब घरमा कोही हुँदैन चोरहरू आउन मन पराउँछन्**



✓ तपाईं रातमा बत्तीहरू बालिराख्नका लागि र दिनको समयमा रेडियो चलाउन टाइमर प्रयोग गर्न सक्नुहुन्छ ।

### 6. आफ्नो गाडी सुरक्षित राख्नुहोस् ।

**क्वीन्सल्याण्डमा 2 मध्ये 1 वटा गाडी चाबी प्रयोग गरेर चोरी हुन्छ**



✓ सधैं इग्निशन (ignition) बाट चाबी हटाएर र एक मिनेटको लागि मात्र टाढा जाँदा पनि यसलाई लक गरेर तपाईं अवसरवादी चोरहरूको लागि चोर्ने काम गाह्रो बनाउन सक्नुहुन्छ।